# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

प.सं :
च.नं :

बाग्मती प्रदेश,नेपाल ।
मिति : २०७७।०५।०५

## सूचना

विषय : **सम्पत्ति विवरण दर्ता गर्ने सम्बन्धमा ।**

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६०(साठी) दिनभित्र आफु वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण आफु कार्यरत कार्यालयमा बुझाउनुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा यस नगरपालिकाको सम्पूर्ण जनप्रतिनिधि ज्युहरु र कर्मचारीहरुले सम्पत्ति विवरणको बन्दी खाम दर्ता गर्दा तपशील बमोजिम गर्नु/गराउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील :**

१) वडा अध्यक्ष ज्यु, कार्यपालिका सदस्य ज्यु, र वडासदस्य ज्युहरुले आ.व २०७६।०७७ को सम्पत्ति विवरण वडा कार्यालय मार्फत वा सिधै नगरपालिकामा यहि भाद्र २८ गते भित्रमा दर्ता गराईसक्नुपर्ने छ ।

२) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त नगरेका) र लोकसेवा आयोगबाट सिफारीस भई स्थानीय तहमा नियुक्ति भएका कर्मचारीहरु र करार सेवाका सम्पूर्ण कर्मचारीहरुले यहि भाद्र २८ गतेभित्र नगरपालिकामा सम्पत्ति विवरणको बन्दी खाम दर्ता गराउनुपर्ने छ ।

३) निजामति सेवामा रही स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीहरुले भाद्र २८ गतेभित्र साविक बमोजिम नै राष्ट्रिय किताबखानामा सम्पत्ति विवरण दर्ता गराउने वा भाद्र १५ भित्र नगरपालिकामा पेश गरिसक्नुपर्ने छ ।

४) सम्पत्ति विवरण बुझाउने दायित्व स्वयमं व्यक्तिको भएको हुँदा तोकिएको म्यादभित्र दर्ता गराउनुपर्ने छ । अन्यथा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा अनुरोध छ ।

..............
२०७७।०५।०५
(शिवराम अधिकारी)
अधिकृत सातौं

शिवराम अधिकारी
अधिकृत (सातौं)

"समृद्ध बेलकोटगढीको आधार : कृषि,स्वास्थ्य, शिक्षा,पर्यटन सहितको पूर्वाधार"
E-mail :belkotgadhinagarpalika@gmail.com
Website :www.belkotgadhimun.gov.np